ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 09.09.2024

***Centre M pox***

केन्द्रीय राज्य र केन्द्रशासित प्रदेशहरूलाई मंकीपक्सका स्बै संदिग्ध मामिलाहरूको जाँच र परीक्षण गर्नु भनेको छ।

केन्द्रीय स्वास्थ्य सचिव श्री अपूर्व चन्द्रले मंकीपक्ससित सम्वन्धित विश्व स्वास्थ्य संगठन WHO को जनस्वास्थ्य आपत घोषणालाई ध्यानमा राखेर राज्यहरूलाई परामर्श जारी गर्नुभएको छ।

मन्त्रलयले आफ्नो परामर्शमा मंकीपक्सलाई लिएर जागरूकता बढ़ाउने र मानिसहरूमा फैलिए डरलाई रोक्नका लागि निवारक उपाय अप्नाउनमा बल दिएको छ।

स्वास्थ्य मन्त्रालयले वरिस्ठ अधिकारीद्वारा राज्य र जिल्ला स्तरमा स्वास्थ्य सुविधा विशेष गरी जनस्वास्थ्यसित सम्वन्धित तयारीहरूको समीक्षा गर्ने परामर्श पनि दिएको छ।

---

***Ration Card***

खाद्य तथा नागरिक आपुर्ति विभाग मंगन जिल्लाले ई श्रम पोर्टलका सोह्र सय एकानब्बेजना पञ्जीकृतहरूको सूचीको सत्थापन पूरा गरेको छ। विभागले अन्य प्राथमिकताका परिवार OPH श्रेणी अन्तर्गत प्रवासी मजदुरहरूलाई राशिन कार्ड प्रदान गर्न शुरू गरेको छ।

ई श्रम पोर्टलका प्रत्येक पञ्जीकृत सदस्यहरूको पूर्ण योग्यता जाँच गरेपछि मंगनका जिल्लाधीश जाँच गरेपछि मंगनका जिल्लाधीश श्री अनन्त जैनले मजदूरहरूलाई राशिन कार्ड हस्तान्तरण गर्नुभयो।

यस अवसरमा जिल्ला नागरिक आपुर्ति अधिकारी श्री पाल्देन एन लाचुङपा पनि उपस्थित हुनुहुन्छ।

श्री लाचुङपाले मजदुरहरूसित अधिकृत उचित मूल्यका पसलहरूवाट विभागद्वारा वितरण गरिने सामग्रीहरू नियमित रूपमा लिएर खाद्य सुरक्षा कार्यक्रमका लाभहरूको उपभोग गर्ने आग्रह गर्नुभएको छ।

---

## *Sukumbasi Welfare Scheme*

सिक्किम सुकुमवासी कल्याण योजना अन्तर्गत सुमिन लिन्चे ग्राम पञ्चायत इकाइका पाँचजना लाभार्थीहरूलाई चौविस सय वर्गफीट जमीन आवंटित गरिएको छ।

समाजका अभावग्रस्तहरूलाई सहयोग र उत्थान गर्नका लागि सरकारद्वारा यो जमीन अधिग्रहण गरिएको हो।

नाम्चुवुङका विधायक श्री राजु बस्नेतको मार्गदर्शनमा दस्तावेजीकरण प्रक्रिया पूरा भए पछि पाकिमका जिल्लाधीशको देखरेखमा रम्फुका महकुमा अधिकारी श्री थेण्डुप लेप्चाले आज लाभार्थीहरूलाई जमीनको आवंटन आदेश हस्तान्तरण गर्नुभयो।

---

## *Governor*

राभङला स्थित प्रौद्योगिकी संस्थानका निदेशक श्री महेश चन्द गोकिलले आज राजभवनमा राज्यपाल श्री ओमप्रकाश माथुरसित शिस्टाचार भेट गर्नुभयो।

उहाँले राज्यपाललाई संस्थाको अहिलेसम्मको प्रगति, शैक्षणिक गतिविधि र भावी योजनाहरूवारे विस्तृत जानकारी दिनुभयो।

श्री गोकिलले संस्थाको आगामी सातौं दीक्षान्त समारोहका लगि श्री माथुरलाई आमन्त्रित गर्नुभएको छ।

यसअघि आजनै भारत तिब्बत सीमा पुलिस, ITBP का उप महानिरीक्षक श्री सुनिल कुमारले पनि राज्यपालसित भेट गरी पुलिस बलको कार्यशैली र गतिविधिहरूवारे अवगत गराउनुभयो।

---

## *CM Condolence*

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सिक्किम उच्च न्यायालयका पूर्व मुख्य न्यायाधीश मलय सेन गुप्तको निधनमा दुख प्रकट गर्नुभएको छ।

न्यायमूर्ति मलय सेन गुप्त राज्यमा 1995 देखि उन्नाइस सय अन्ठानब्बे सालसम्म सिक्किम उच्च न्यायालयमा सेवारत हुनुहुन्थ्यो।

उहाँको योगदानलाई सम्मानका साथ स्मरण गरिने कुरो बताउँदै श्री तामाङले दुखको घड़ीमा न्यायमूर्ति गुप्तको परिवारलाई क्षति सहन गर्ने शक्ति मिलोस् भन्ने कामना गर्नुभएको छ।

---

## *International Literary Day*

पाकिम जिल्लाको महिला तथा बाल विकास विभागले अन्तरर्स्ट्रिय साक्षरता दिवसको एक भागको रूपमा आहो सेन्टी माध्यमिक पाठशालामा आज जाहरूकता कार्यक्रम आयोजित गरयो।

बेटी बचाओ बेटी पढ़ाओ पहल अन्तर्गत आयोजना गरिएको कार्यक्रमको विषय थियो।

बहुमाषी शिक्षाको सम्वर्ध्दन आपसी सम्झौता र शान्तिका लागि साक्षरता।

कार्यक्रमलाई सम्वोधन गर्दै विभागकी उपनिदेशक तथा समाज कल्याण अधिकारी श्रीमती डिकित लेप्चाले बालीकाहरूलाई स्शक्त बनाउन र सदृढ़ समुदाय निर्माणमा शिक्षाको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो।

समाजको प्रगतिका लागि प्रत्येक बालिकाले गुणात्मक शिक्षा हासिल गरेको सुनिश्चित गर्नुपर्ने आवश्यक्तामाथि जोड़ दिँदै उहाँले विद्यार्थीहरूलाई अनुशासित र परिश्रमी हुन प्रोत्साहित गर्नुभयो।

आफ्नो वक्तव्यमा महिला सशक्तिकरण जिल्ला केन्द्रकी लिंग विशेषज्ञ सुश्री कुसुम शर्माले अन्तर्रास्ट्रिय साक्षारता दिवसको विशेषता र इतिहासवारे प्रकाश पार्दै भन्नुभयो बहुभषिकताले सांस्कृतिक सहिस्णुता र विभिन्न समुदायमाझ सम्झौतालाई प्रोत्साहित गर्छ।

यस अवसरमा विद्यार्थीहरूवीच प्रश्नोत्तर प्रतियोगिता पनि आयोजन भयो।

स्मरण रहोस प्रत्येक वर्ष आठ सितम्वरमा अन्तर्रास्ट्रिय साक्षरता दिवस मनाइन्छ।

राज्यका विभिन्न स्थरमा यो दिवस हिजो मनाइयो।

---

***PM Mann ki Baat***

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यसै महीना उन्तीस तारीकका दिन आकाशवाणीवाट 'मन की बात' कार्यक्रममा देश र विश्वभरिका मानिसहरूसित आफ्नो विचार साझा गर्नुहुन्छ।

यो, मासिक रेडियो कार्यक्रमको एक सय चौधौ प्रकरण हुनेछ।

श्रोताहरूले यसै महीना सत्ताइस तारीकसम्म ट्रोल फ्री नम्बर 1800-11-1700 मा कार्यक्रमका लागि सुझाउ पठाउन सक्नेछन्।

यसवाहेक 1922 मा मिस्ड कल दिएर एम एम एसमा प्राप्त लिङ्कवाट पनि सुझाउ पठाउन सकिनेछ।

नरेन्द्र मोदी ऐप वा माई जी ओ भी ओपन फोरमद्वारा अनलाइन पनि सुझाउ दिन सकिन्छ।

---